नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३३ अंक २९८ २०८१ साल असार २१ गते शुक्रबार (5 July 2024 Friday) मूल्य रु. ५/-

लागूऔषध सेवनले मानिसको शारीरिक र मानसिक स्वास्थ्य बिग्रन्छ, धन सम्पतिको वर्वाद गर्दछ, यसको प्रयोगबाट आफू, परिवार, समाज र राष्ट्रलाई नै अपुरणिय क्षति पुग्ने हुँदा यस्ता पदार्थदेखी टाढा रहौं ।

**Log in : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : मनसुनसँगै रोगहरूको ३ पृष्ठमा : मिडियाको नीतिगत तहमा दलितको ... ३ पृष्ठमाबेलायतमा आम निर्वाचनका लागि...

## भारदह अस्पताल "शहीद राजीव रामकृष्ण प्रादेशिक अस्पताल" मा परिणत हुने




**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

मधेश प्रदेश सरकारले सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका १ स्थित भारदह अस्पताललाई प्रादेशिक अस्पतालमा परिणत गर्ने निर्णय गरेको छ ।

प्रादेशिक अस्पतालमा परिणत भएसँगै अस्पतालको नाम मधेश आन्दोलनका क्रममा भारदहमा शहीद भएका राजीव् राउत र रामकृष्ण राउतको नामबाट राखिने जनाइएको छ ।

उक्त अस्पतालको नाम "शहीद राजीव रामकृष्ण प्रादेशिक अस्पताल" राखिने जनमत पार्टीका अध्यक्ष डा. सीके राउतले आफ्नो फेसबुक पेजबाट बिहीबार जानकारी गराएका छन् ।

अस्पताल प्रादेशिक अस्पतालमा परिणत भई १५ शैयाबाट ५० शैयाको हुने निर्णय समेत मधेश प्रदेश सरकारले गरेको जनाइएको छ ।

त्यसैगरी मधेश स्वास्थ्य बिज्ञान प्रतिष्ठान, जनकपुरमा एमबिबिएस अध्ययनको लागि स्रोत सुनिश्चितताको निर्णय पनि मधेश सरकारले गरेको उनको फेसबुक पेजमा उल्लेख छ ।

## पोखरीमा डुबेर तीन बालिकाको मृत्यु

**दैनिक समाचारदाता**
**जनकपुर, २० असार ।**

धनुषाको धनौजी गाउँपालिकास्थित सार्वजनिक पोखरीमा डुबेर बिहीबार तीन बालिकाको मृत्यु भएको छ ।

धनौजी गाउँपालिका ५ बहुअर्वास्थित सार्वजनिक पोखरीमा डुबेर ११ वर्षीया मुस्कान खातुन, १० वर्षीया अजमेरी खातुन र ९ वर्षीया

*बाँकी तीन पृष्ठमा*

## ब्रहमाकुमारी राजयोग सेवा केन्द्रमा मिडिया कक्ष स्थापना

**दैनिक समाचारदाता**
**राजविराज, २० असार ।**

ब्रहमाकुमारी राजयोग सेवा केन्द्रले सर्वसाधारणमा सूचना प्रवाह गर्ने उदेश्यले मिडिया कक्षको स्थापना गरिएको छ ।

केन्द्रको राजविराजस्थित क्षेत्रिय कार्यालय विहिवार आयोजित एक कार्यक्रमबीच नेपाल पत्रकार महासंघ सप्तरीका सभापती श्रवण कुमार देव र केन्द्रकी मुख्य

*बाँकी अन्तिम पृष्ठमा*



मिडिया कक्षको उद्घाटन गरिँदै । *तस्बिर : राजविराज दैनिक*

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

**मेरील्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो ।**

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत २१ वर्षदेखी देशभरीका ७००० (सात हजार) भन्दा बढी कलेज मध्येबाट लगातार **Top Ten** मा पर्न सफल साथै यस पल्ट राष्ट्रिय स्तरमै नेपालको **७ औं** स्थानमा पर्न सफल यस मेरील्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा बिनम्र अनुरोध छ ।

**मेरील्याण्ड कलेज**
रंगेली रोड, बिराटनगर
सम्पर्क नं. : ०२१ | ५७५२७५, ५१५५४०, ५७६८३६, ५७०४९२
मो. नं. ९८५२०२०३३६

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

विगत १६ वर्ष देखी संचालन हुदै आएको
**ओभरसियरी क्याम्पस**
( CTEVT बाट मान्यता प्राप्त )

**डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग**
( ३ बर्षे )

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षाको स्तरिकृत अंक समग्रमा न्यूनतम १.६ जि. पि. ए. वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थींहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०८१ श्रावण १३ गते सम्म ।

सम्पर्क :
**सफटेक इन्जिनियरिङ कलेज**
रुपनी रोड, राजबिराज–८ (सप्तरी)
फोन नं.–०३१–५३०८३९, मो.नं. ९८०४७०१४२१, ९८०४७८०६७४

**CTEVT बाट मान्यता प्राप्त**
**जगदम्बा मेडिकल इन्स्टिच्यूट राजविराज**

संचालित कार्यक्रमहरु

डिप्लोमा तह
**H.A.** (सामान्य चिकित्सा)
अवधी : ३ वर्षे

**V-JTA** भेटनरी जे.टी.ए.
१८ महिने
**P-JTA** बाली विज्ञान
१८ महिने

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

फारम बितरण मिति : २०८१/३/१६ गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०८१/४/१३ गतेसम्म
प्रवेश परिक्षा मिति : २०८१/४/१९ गते शनिबार
समय : बिहान ८ बजेदेखी (**H.A.**)
समय : दिउँसो १ बजेदेखी (**V-JTA, P-JTA**)

**आजै सम्पर्क गर्नुहोस्**
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५३१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

## सम्पादकीय

### हिंसा न्यूनिकरणका लागि जनचेतना आवश्यक

मुलुकभरी विभिन्न हिंसाका घटनाहरु सुन्ने गरिन्छ। हिंसा भन्ने बित्तिकै हत्या भन्ने बुझिन्छ। हत्या जघन्य अपराधमा पर्दछ। यसबाहेक महिला हिंसा, घरेलु हिंसा, झैं-झगडा, यौन हिंसा, बोक्सीको आरोप तथा मादक पदार्थ सेवन गरि झगडा गर्नु लगायत हिंसामा पर्दछ। यस्ता हिंसा गर्नु वा गराउनु र घटनालाई प्रोत्साहन गर्नु पनि गैरकानुनी हो। तर, पनि यस्ता हिंसाप्रति मानिसमा अझै चेतनाको कमी भएको जस्तो देखिन्छ।

सप्तरीमा यस्ता घटनाहरुप्रति अझै जनचेतनामूलक अभियान आवश्यक छ। छिमेकी छिमेकीबीच, आपसी असमझदारी तथा मादक पदार्थ सेवन गरेर झैं-झगडाका घटनाहरु भइरहेको प्रहरी तथ्याङकले देखाएको छ। यस्ता घटनाले सामाजिक सद्भाव तथा आपसी भाइचारा खलबलाउन सक्ने सम्भावना समेत बढेको छ। त्यस्तै जिल्लामा आत्महत्याका घटनाहरु पनि बढेको छ। घरायसी विवाद, व्यापार घाटा, बैदशिक रोजगारीमा असफल, बित्तिय संस्थाको ऋण, प्रेममा असफल तथा पति पत्निबीचको द्वन्दले यस्ता घटनाहरु भइरहेको प्रहरीको अर्को तथ्याङकले देखाउछ। कुनै न कुनै वहानामा छिमेकी छिमेकीको झगडा तथा अन्य पुरानो रिसिइबीले यस्ता घटनाहरु भइरहेको प्रहरीको तथ्याङ्कले देखाएको छ। यी तीनै घटनाहरु एक आसपमा मिल्दो जुल्दो रहेको छ।

तसर्थ यस्ता घटनाहरुलाई निरुत्साहित गर्न समाजिक स्तरबाटै उपाय खोज्नु पर्ने आवश्यकता रहेको छ। यस्ता घटनाले व्यक्ति व्यक्तिबीच द्वन्द र परिवारको सुःख, समृद्धिमा निरास मात्र उत्पन्न गराउने गरेकाले समाजिक स्तरसँगै सरोकारवाला निकाय समेतले जिम्मेवारी पूर्ण भूमिका निर्वाह गर्न सके पक्कै पनि यी घटनाहरुलाई निरुत्साहित गर्न मद्दत मिल्ने छ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# मनसुनसँगै रोगहरूको उच्च जोखिम

**डा. प्रकाश बुढाथोकी**

काठमाडौं, २० असार (रासस)।

मनसुन सुरु भएको एक हप्ता भइसकेको छ। निरन्तर दोहोरिने तथा जलवायु परिवर्तनबाट हुने असरको प्राकृतिक विपद् जोखिमले नेपाल विश्वमै अग्रस्थानमा छ। उत्तरबाट दक्षिणतर्फ बहने खोलानाला र खहरेले बाढी, पहिरो, डुबान, हिमपहिरो तथा हिमताल बिस्फोटन, चट्याङ, डढेलो, आगलागीजस्ता प्राकृतिक विपद् बर्सेनि दोहोरिने गरेका छन्। भूकम्पीय जोखिमका हिसाबले नेपाल ११औं, जल उत्पन्न प्रकोपमा ३०औं, जलवायु परिवर्तनको असरले हुने बाढी, खडेरी र पहिरोमा चौथो र हरितगृह ग्यास उत्सर्जनका हिसाबले एक सय नवौं स्थानमा पर्दछ। त्यसैमा पछिल्लो समयमा अध्ययन, अनुसन्धान र वातावरणीय प्रभाव विश्लेषणबिना खनिएका सडक संरचनाले थप मलजल गरेका छन्। विपद्बाट कुल गार्हस्थ्य उत्पादनमा वार्षिक तीनदेखि पाँच प्रतिशत ह्राससँगै आर्थिक नोक्सानी भइरहेको छ।

गत वर्ष विपद्का घटना सात सय ६९ हुँदा ६३ जनाको मृत्यु, ६९ घाइते तथा ३० बेपत्ता भएको तथ्याङ्क छ। यस वर्ष जल तथा मौसम विज्ञान विभागले सरदरभन्दा ३५ देखि ४५ प्रतिशत बढी वर्षा हुने अनुमान गरेको छ। मनसुनजन्य विपद्बाट करिब १८ लाख जनसङ्ख्या र चार लाख १२ हजार घरधुरी प्रभावित तथा ८३ हजार घरमा क्षति पुग्ने आकलन छ। मनसुन गत जेठ २८ गते भित्रिएपछि विपद्का एक सय ४७ घटनाबाट ३३ जिल्ला प्रभावित भई २८ जनाको ज्यान गइसकेको छ।

मनसुनको सुरु भएसँगै बाढी, पहिरो, डुबान र चटचाङले देशभर ठूलो क्षति पुर्‍याइरहेको छ। हरेक दिन मृत्यु, घाइते र बिरामीहरूको तथ्याङ्क आइरहेका छन्। कोशी प्रदेशबाट सुरु भएको क्षति कर्णाली र सुदूरपश्चिम प्रदेश पुगिसकेको छ। ३३ बढी जिल्ला प्रभावित, तीसभन्दा बढीको मृत्यु तथा हजारौं परिवार प्रभावित र भएका छन्। सुरुमै भएको क्षतिले चुनौतीपूर्ण भविष्यको सङ्केत गरेको छ।

**विपद्ले ल्याउने स्वास्थ्य समस्या**

वर्षातको समयमा आउने बाढी, पहिरोजस्ता प्राकृतिक विपत्तिसँगै सबै अस्पतालका निर्देशकहरूले उपलब्ध गराएको जानकारीमा गर्मीपछि वर्षात्को समयमा सबैभन्दा बढी झाडापखाला, हैजा, डेंगु, टाइफाइड, भाइरल, जण्डिस, हेपाटाइटिस ए र ई, आउँ, निमोनिया, औलो, कालाजार, ज्वरो, स्क्रब टाइफस, रुघाखोकी, छालाको समस्या, पेटको सङ्क्रमण, जुका, आँखा पाक्ने, लेप्टोस्पाइरोसिसजस्ता बिरामी देखिने गर्दछन्। अर्थात् दूषित खाना र पानी, लामखुट्टे, झिङ्गा, किराफटचाङ्ग्रा, फोहर तथा हिलोका कारण हुने सङ्क्रमण विशेषतः बढी देखिन्छ। परेको वर्षाले ट्याङ्की वरिपरि मानिस, जनावर, पक्षीको बिष्ठा, ढकन नभएको, फोहरसहितको भेल मुहानमा परी प्रदूषित पानी, सिनो मासु, खोलानालाको प्रदूषित पानी सेवनले रोग लाग्दा जण्डिसलगायतका रोगहरूबाट मानिसहरू बिरामी पर्दैछन्। गर्भवतीलाई अस्वस्थता हुँदा थप जटिलता र गर्भपतनसम्म भएको पाइन्छ।

बढ्दो वर्षासँगै विभिन्न किटाणु, जीवाणु, विषाणुजन्य सरुवा र सङ्क्रमणहरू टाइफाइड, झाडाबान्ता, भाइरल फ्लु, पेटको दुखाई, रुघाखोकी, श्वासप्रश्वास सङ्क्रमण, जण्डिस, हेपाटाइटिस ए, आँखा सुक्खा, चिलाउने तथा आँखाको सङ्क्रमण, जनावरले टोकेर हुने बिरामीहरू बढ्दै छन्। यसबाहेक तराईमा सर्पदंश, उच्च ज्वरो, छालाको रोग, बढी पसिना जाँदा शरीरमा हुने पानी अभावको कारण जल वियोजन, पिसाब र मिर्गौलामा समस्या र लु बढ्दैछ। जार तथा बोतलको पानी सेवन गर्नेमा पनि त्यत्तिकै समस्या छ। दूषित खाना, पानी, सरसफाइको अभाव, फोहर हात, भाडाकुँडा, झिङ्गा, लामखुट्टे, साङ्ला, किराफटचाङ्ग्रा तथा बासी, सडेगलेका फोहर खानेकुरा, फोहर बानी व्यहोरा र फोहर पानीको प्रयोग नै यस समयको रोग लाग्ने मुख्य कारण हो।

यस मौसममा हुने सरुवा रोगहरू केही श्वासप्रश्वास र धेरैजसो पाचन प्रणालीसँग सम्बन्धित हुन्छन्। करिब सयभन्दा बढी भाइरस प्रमुखतया इन्फ्लुएन्जा विषाणुद्वारा हुने सङ्क्रामक रोग रुघाखोकी लागेकालाई सामान्य बिरामीको रूपमा लिइन्छ। यसमा घाँटी खसखसाउने, श्वास फेर्न अप्ठेरो हुने, पातलो सिंगान बग्ने, ज्वरो आउनुको साथै शरीर दुख्छ। प्रत्यक्ष सम्पर्कबाट र हावाबाट एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्ने भएकाले ज्यादा भीडभाड हुने स्थान बस, फिल्महल, विद्यालय र जात्रामा बिरामीले खोक्दा, बोल्दा, हाछ्युँ गर्दा छिटै सर्दछ।

**पानीजन्य रोगहरू**

रोगका किटाणु पानीको मुहानमा परे सर्ने सरुवा रोगमा झाडापखाला, हैजा, रगतमासी, जुकाहरू, पोलियो, जियारडियासिस, अमिबियासिस, आउँ, टाइफाइड, जण्डिसलगायत २० वटा सरुवा रोगहरू पर्दछन्। वर्षायाममा विशेषगरी काँचो र नपाकेको मासु, बासी खाना, खाना बढी खाने, पचाउन नसकिने चिल्लो खाद्य पदार्थले खाना विषाक्तता हुन्छ। बिरामीलाई बान्ता हुने, पखाला लाग्ने, ज्वरो आउने हुन्छ। त्यसैगरी झिङ्गा भन्किएको र फोहर खानेकुरा खादा भिब्रियो कोलेरा ब्याक्टेरियाले आन्द्रामा सङ्क्रमण गर्छ र तीव्र सङ्क्रमण हैजा लाग्छ। हैजा लागेपछि धेरैपटक चौलानी पानीजस्तो पातलो दिसा र बान्ता एकैपटक लागिरहन्छ। त्यसले तीव्रगतिमा जलहरण गरी बिरामी शिथिल अवस्थामा पुग्छ।

पटकपटक पातलो दिसा (तीन पटकभन्दा बढी) हुनुलाई झाडा पखाला भनिन्छ। यसले शरीरमा भएको पानी र लवणको मात्रालाई तुरुन्तै कम गर्ने भएकाले शरीरमा विभिन्न किसिमका जलविनियोजनसम्बन्धी स्वास्थ्य समस्याहरू देखा पर्दछन्। बान्ता र पखालासँगै भयो भने स्वास्थ्यका दृष्टिले खतरनाक मानिन्छ। सरसफाइको कमी, चर्पीको राम्रो व्यवस्था नभएको, शुद्ध खानेपानीको अभाव, झिँगा र अन्य किराफटचाङ्ग्राको बढी प्रकोप भएको ठाउँमा बढी देखिने सङ्क्रामक रोग टाइफाइड हो। झिङ्गा, सङ्क्रमित माटो र फोहर हातले खानेकुरा बनाउँदा रोग सर्न सक्दछ। यसमा ज्वरो बेस्सरी आउँछ, पाचन प्रणालीसँग सम्बन्धित लक्षण देखिन्छ। नेपालीमा म्यादी ज्वरो भनिने रोग टाइफाइड तथा पाराटाइफाइड ब्याक्टेरिया जीवाणुबाट लाग्छ। बिरामीको दिसापिसाबबाट दूषित हुन गएको पिउने पानी तथा खानाबाट यो रोग एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्दछ।

टाइफाइडमा सुरुमा रोग रुघाखोकी जिउ तथा टाउको दुख्ने लक्षणबाट सुरु हुन्छ। त्यसपछि विस्तारै टाउकोको अगाडिको भाग दुख्ने, ज्वरो आउने आदि हुन्छ। ज्वरो बेलुकीपख बढ्छ र हरेक दिन केही ज्वरो बढ्दै जान्छ। बिरामीको ज्वरो कुनै बेला घट्ने र कुनै बेला बढ्ने पनि हुन सक्छ तर साधारण अवस्थामा आउँदैन। बिरामीलाई भोक नलाग्ने र विस्तारै सिकिस्त हुँदै जान्छ। ज्वरो बढ्नुको अनुपातमा नाडीको गति कम हुनु, कहिलेकाहीं बान्ता आउनु, काँचो केराउको झोल जस्तो पखाला लाग्नु वा दिसा कब्जियत हुनु आदि पनि हुन्छ। यस्ता लक्षणहरू एक हप्तासम्म देखा पर्दछन्। दोस्रो हप्तामा ज्वरो बढी आउने र नाडीको गति अझ कम पनि हुनसक्छ। शरीरको प्रायः सबै भागमा र मुख्यगरी पेटमा गुलाबी दाना आउने, शरीर कम्पन हुने र बिरामी बेहोस पनि हुनसक्छ। कलेजो र फियो सुन्निन सक्छ।

वर्षायाममा पानीकै कारणले मात्र लाग्ने हेपाटाइटिस 'ए' भाइरसद्वारा सङ्क्रमित भई ज्वरो आउने, जाडो हुने, टाउको दुख्ने, थकान महसुस हुनेजस्ता लक्षण देखा पर्न सक्छ। एकपटक हेपाटाइटिस 'ए'को उपचार गरेपछि पुनः देखा पर्दैन। हिजोआज पहिले गर्भवती महिलामा मात्र बढी देखिने हेपाटाइटिस 'ई' पुरुषमा पनि बढ्दो छ। यसमा बिरामीको कलेजो सुन्निन्छ। उपरोक्त दुवै हेपाटाइटिस दूषित पानी र खानाबाट सर्दछ। काँचो फलफूल र मासुबाट सर्ने विभिन्न किसिमका जुका पनि यो समयमा देखिन्छ।

**लामखुट्टेजन्य रोगहरू**

वर्षायाममा लामखुट्टे लाग्दा र टोक्दा उच्च र तीव्र ज्वरो हुने डेंगु, औलो, फिलेरिया, इन्सेफलाइटिस, मेनिन्जाइटिस हुने सम्भावना रहन्छ। त्यसैगरी सैण्डफ्लाइले बिरामीको छाला कालो हुने, कलेजो सुन्निने, कालाजार लगाउँछ। लामखुट्टेजन्य रोगबाट बच्न लामखुट्टेको विकास र जीवनचक्र पूरा हुन दिनु हुँदैन जसका लागि लामखुट्टेको टोकाइबाट मानिस जोगिनु पर्दछ।

वर्षायाममा सर्पदंशको समस्या पनि निकै हुने गर्दछ। सर्पले टोकेको ठाउँमा दुई दाँतको गहिरो निसान देखिन्छ। केही क्षणमै उक्त ठाउँमा फोका उठ्न थाल्दछ, दुख्छ र सुन्निन्छ। रगत अलिक लामो समयसम्म आइरहन्छ। पीडितलाई वाकवाकी लाग्छ, मुखबाट र्‍याल निकल्न्छ, डर त्रासले उत्तेजित हुन्छ, ओंठ र मुख सुख्छ, तिर्खा लाग्छ, मुटुको धड्कन बढ्छ भने आँखी भौं, परेला तल झर्छ। खान निल्न पनि समस्या हुन्छ। बोल्दा जिब्रो लर्बराउने, हिड्दा खुट्टा लडखडाउने र समय बित्दै जाँदा आँखाले एउटा वस्तुको दुई छाया देख्ने, आँखा खोल्न गाह्रो हुने गर्दछ। बिरामीलाई श्वास लिन समस्या हुन्छ भने पक्षघात देखिने र तीनदेखि छ घण्टापछि पिसाब रातो भएर आउँछ। विषालु सर्पले टोकेपछि मानिसको श्वासप्रश्वासमा अवरोध भई, मांसपेशीमा पक्षघात भई, रक्तचाप ज्यादै न्यून भई अचेत हुन जान्छ र मृत्यु हुन्छ। तर व्यवहारमा ६० प्रतिशत जति सर्पदंशमा या त सर्प विषालु हुँदैन या विष टोकेको स्थानमा नपर्ने तथा परे पनि कम भएको पाइने गरेको छ।

मानिस जति आत्तिन्छ, त्यति रक्तसञ्चार बढ्छ र विष छिटो शरीरमा फैलिन्छ। विषविहीन सर्पले टोक्दा पनि मानिस आत्तिने गर्दा हृदयाघात, छिटोछिटो सास फेर्ने, टोकेको ठाउँमा घोचेजस्तो हुने, टोकेको ठाउँ वरपर सुन्निने, रक्तश्राव, निलो, फोका उठ्ने, सङ्क्रमण तथा नेक्रोसिस, कुहिने, हातखुट्टा बाउडिने वा नचल्ने, बेहोस हुनेजस्ता लक्षण देखिन्छन्।

टोकेको ठाउँदेखि शरीरमा विष फैलन नदिन सर्पले टोकेको खुट्टा वा हात चल्न नदिने गर्नुपर्छ। टोकेको ठाउँदेखि दुई-तीन इन्चमाथि मुटुतिर अलगअलग तीन ठाउँमा ब्याण्डेज, डोरी, रुमाल बाँध्ने र एउटा औला पट्टीभित्र मुस्किलले छिर्न सक्ने गरी बाँध्ने तर प्रत्येक १५ मिनेटमा आधा मिनेट डोरी खोली रक्तसञ्चार हुन दिनुपर्दछ। यदि अस्पताल वा स्वास्थ्य संस्था धेरै टाढा भएमा वा त्यहाँसम्म पुग्न तीन घण्टाभन्दा बढी समय लाग्ने अवस्था भएमा तत्कालका लागि प्राथमिक उपचार गरेर मात्र व्यक्तिलाई अस्पतालतिर लानुपर्दछ।

**मनसुनजन्य विपद तयारी र प्रतिकार्य**

उच्च जोखिममा फलाइङ स्क्वार्ड तयारी, खोज, उद्धार र राहतका लागि स्रोतसाधनको व्यवस्थापन गरिएको छ। देशका ३४ स्थानमा चेतावनीमूलक साइरन प्रणाली जडान भएको र थप १५ स्थानमा गरिँदैछ। नेपाली सेनाले १० हजार आठ सय ४७, नेपाल प्रहरीले १० हजार पाँच सय ५८ र सशस्त्र प्रहरी बलले नौ हजार नौ सय २४ सुरक्षाकर्मीहरू विपद् प्रतिकार्यका लागि तयारीमा छन्। सेनाले इटहरी, सुर्खेत र काठमाडौंमा हेलिकप्टर तैनाथ छन्। बेलीब्रिज, बोटजस्ता आपत्कालीन सामान रणनीतिक स्थानहरूमा राखिएका छन्। कमाण्डपोष्ट खडा गरिएको छ। त्यसैगरी प्रदेश, जिल्ला र स्थानीय तहमा तयारी अवस्थामा रहने गरी प्रतिकार्य भइरहेको छ।

पूर्वतयारीसम्बन्धी क्रियाकलापहरूका बारेमा सूची बनाई तयारी मन्त्रालयले गरिसकेको छ भने प्रतिकार्यसम्बन्धी सूचीकृत मुख्य क्रियाकलापहरूमा विपद्को असरको आधारमा सङ्घीय तथा प्रादेशिक तहका स्वास्थ्य विषयगत क्षेत्र सक्रिय बनाउने, स्वास्थ्य क्षेत्रको द्रुत लेखाजोखा गर्ने, तथा सञ्चारमाध्यम र सामाजिक सञ्जालबाट सन्देशमूलक सूचना र सचेतना अभिवृद्धिमा जोड दिनु रहेका छन्। त्यस्तै प्रभावित स्थानमा द्रुत प्रतिकार्य टोली परिचालन, आकस्मिक चिकित्सकीय टोली परिचालन, हैजा, डेंगुका किट, खोप, औषधिजन्य सामग्रीको व्यवस्था, एम्बुलेन्सको परिचालन, बिरामी तथा घाइतेको व्यवस्थापन, नमूना परीक्षण, शव व्यवस्थापन, भेक्टर नियन्त्रण, महामारीको उपचार, यौन तथा प्रजनन स्वास्थ्य, मानसिक स्वास्थ्य, मनोसामाजिक नसर्ने तथा सर्ने रोगहरूको नियमितता, घुम्ती स्वास्थ्य सेवा गर्नेगरी प्रतिकार्य काम भइरहेका छन्। त्यस्तै हटलाइनहरू पनि सञ्चालनमा छन्।

अन्तमा रोग लागेर उपचार गर्नुभन्दा रोग लाग्न नदिनु नै बेस हुन्छ। जुनसुकै उमेर, वर्ग र तप्काका मानिसले स्वास्थ्यप्रति सचेत हुनुपर्छ। उमालेको पानीको प्रयोग गर्नुका साथै खाना खानुअघि र पछि साबुनपानीले हात धुनुपर्दछ। जथाभावी दिसापिसाब नगर्ने, बासी सडेगलेका र अपच हुनेगरी खुला ठाउँमा राखिएका खाना खानु हुँदैन। व्यक्तिगत सरसफाइ र घर वरपरको वातावरण सफा राख्नुपर्दछ। *(लेखक केन्द्रीय कारागार अस्पतालका प्रमुख तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका प्रवक्ता हुनुहुन्छ।)*

# मिडियाको नीतिगत तहमा दलितको सहभागिता शून्य

**सुशील दर्नाल**
काठमाडौँ, २० असार (रासस)।

संविधानको धारा ४० मा पहिलोपटक दलित हकको सुनिश्चित गरिएको छ। संविधानमा राज्यका सबै निकायमा दलितलाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने व्यवस्था गरिएको छ। संविधानमा सार्वजनिक सेवालगायत रोजगारीका अन्य क्षेत्रमा दलित समुदायको सशक्तीकरण, प्रतिनिधित्व र सहभागिताका लागि कानूनबमोजिम विशेष व्यवस्था गरिने पनि उल्लेख छ। संविधानको यो व्यवस्थाको मर्म, राज्यका सबै संरचनामा दलितको जनसङ्ख्याको आधारमा समावेशी प्रतिनिधित्व सुनिश्चित गरिनुपर्छ भन्ने हो।

संविधान लागू भएको करिब एक दशक भयो। तर, संविधानको मूल मर्मअनुरुप निजामती प्रशासन, शिक्षण सेवा प्रहरी, सेना र सरकारी रोजगारीका धेरै क्षेत्रमा समावेशी सिद्धान्तका आधारमा दलितलगायत सीमान्तकृत समुदायको सहभागिता बढाउँदै लगिए पनि आमसञ्चारमाध्यमको नीतिगत तहमा भने दलित समुदायको सहभागिता सन्तोषजनक छैन। देशको कुल जनसङ्ख्यामा दलितको जनसङ्ख्या करिब १३ प्रतिशत छ।

पत्रकार बाबुराम विश्वकर्मा आमसञ्चारमाध्यमलाई समावेशी बनाउन संविधान, आमसञ्चार नीति, मिडियामा समावेशीकरणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदनअनुसार सीमान्तकृत समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व बढाउन थप स्पष्ट कानुनी र नीतिगत व्यवस्था गर्नुपर्ने सुझाव दिनुहुन्छ। पत्रकार विश्वकर्माले हालै सार्वजनिक गर्नुभएको अध्ययनअनुसार सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका ५९ जना पदाधिकारी तथा कर्मचारीमध्ये दलितको सहभागिता करिब शून्य रहेको छ।

त्यसैगरी सञ्चार मन्त्रालय मातहतको निकाय प्रेस काउन्सिल नेपाल दलितविहीन छ। नेपाल दूरसञ्चार प्राधिकरणको सञ्चालक समितिका पाँचै जना गैरदलित पुरुष छन्। देशको एक मात्र समाचार समिति राष्ट्रिय समाचार समितिको अवस्था त्योभन्दा भिन्न छैन। राससको छ सदस्यीय सञ्चालक समितिमा दलितको सहभागिता शून्य छ। अध्ययनमा भनिएको छ, "देशको एक सय २४ वर्ष पुरानो सरकारी सञ्चारगृह गोरखापत्र संस्थानको सञ्चालक समिति अहिलेसम्म दलितको प्रतिनिधित्व छैन, गोरखापत्रको सात सदस्यीय सञ्चालक समितिमा सातै जना पुरुष छन् भने त्यो समिति पनि दलितविहीन।"

त्यसैगरी नेपाल टेलिभिजनको बोर्डमा पनि दलित प्रतिनिधित्व देखिँदैन। देशको ९० प्रतिशतभन्दा बढी जनताको पहुँचमा रहेको रेडियो नेपालको पाँच सदस्यीय सञ्चालक समितिमा पनि दलितको प्रतिनिधित्व छैन। राष्ट्रिय दलित पत्रकार सङ्घ, नेपालका अध्यक्ष तथा सभासद् विनोद पहाडी चारवटै सरकारी सञ्चारमाध्यम र निजी क्षेत्रका सञ्चारमाध्यमलाई पुनःसंरचना गरी दलितमैत्री बनाउनुपर्ने माग गर्नुहुन्छ। सञ्चार मन्त्रालयअन्तर्गतका अन्य निकायहरू चलचित्र विकास बोर्ड, प्रेस काउन्सिल नेपाल, राष्ट्रिय सूचना आयोग, नेपाल दूरसञ्चार प्राधिकरण, न्यूनतम पारिश्रमिक निर्धारण समिति, नेपाल दूरसञ्चार कम्पनी लिमिटेड, सुरक्षण मुद्रण विकास समिति र राष्ट्रिय सूचना प्रविधि केन्द्रमा दलित समुदायको प्रतिनिधित्व शून्य रहेको जनाउँदै उहाँले नीतिगत व्यवस्था गरी प्रतिनिधित्व सुनिश्चित गर्नुपर्नेमा जोड दिनुभयो।

आमसञ्चार नीतिमा राष्ट्रिय आमसञ्चार प्रतिष्ठान स्थापना गर्ने, समानुपातिक समावेशी नीतिअनुसार समाचार कक्षलाई समावेशी बनाउने, सीमान्तकृत समुदायलाई पत्रकारिता अध्ययनका लागि छात्रवृत्तिको व्यवस्था गर्ने प्रेस काउन्सिलको नियुक्ति समानुपातिक समावेशी सिद्धान्तअनुसार गर्ने प्रावधान राखिएको छ। लोककल्याणकारीसहित उपभोक्ता केन्द्रित विज्ञापनमार्फत सीमान्तकृत समुदायले सञ्चालन गरेका मिडियालाई प्रोत्साहन गरिने भनिए पनि त्यसको कार्यान्वयन हुनसकेको छैन।

विसं २०७३ मा सञ्चार नीति जारी गर्नुअघि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले २०६९ मा सञ्चारमाध्यमलाई समावेशीकरण गर्नेसम्बन्धी उच्चस्तरीय आयोग गठन गरेको थियो। आयोगले सञ्चार र आमसञ्चार क्षेत्रलाई समावेशीकरण गर्न सरकारलाई १२ बुँदे सुझावसमेत दिएको थियो। विषयगत विज्ञ र सरोकारवालासँग विस्तृत छलफल गरेर सरकारलाई बुझाइएको प्रतिवेदनमा आमसञ्चारमाध्यमका विषयवस्तु र समाचारकक्षलाई समावेशी बनाउनुपर्ने र सरकारी सञ्चारमाध्यममा आरक्षणको व्यवस्था गरिनुपर्ने सुझाव दिएको थियो।

त्यसैगरी निजी सञ्चारमाध्यमका विषयवस्तु र जनशक्तिलाई समावेशी बनाउन सञ्चारमाध्यमको अनुमतिपत्र वितरण तथा नवीकरणमा अनिवार्य रूपमा समावेशीकरणको प्रावधान कार्यान्वयन गरिनुपर्ने र प्रेस काउन्सिललाई समावेशी मिडिया काउन्सिल बनाउनुपर्ने आयोगको सुझाव छ। प्रतिनिधिसभाको शिक्षा, स्वास्थ्य तथा प्रविधि समितिका सभापति अम्मरबहादुर थापाले आमसञ्चारमाध्यममा दलित समुदायको सहभागिता पर्याप्त नभएकाले त्यसलाई नीति बनाएरै बढाउनुपर्ने धारणा राख्नुभयो।

अहिलेसम्म सञ्चारसम्बन्धी नौवटा नीति, १६ वटा ऐन, १८ वटा नियमावली र १२ वटा निर्देशिका बनेका छन्। तर, तीमध्ये अधिकांश सरकारी दस्तावेजमा सञ्चार तथा मिडिया क्षेत्रमा सीमान्तकृत समुदायको समानुपातिक प्रतिनिधित्व बढाउन बाध्यकारी व्यवस्था गरिएको छैन। संविधानको मौलिक हकको व्यवस्था लागू गर्न कानुन बनाउने भनिए पनि अहिलेसम्म कानुन बनेको छैन। अब मिडियामा दलित समुदायको समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न अनिवार्य रूपमा कानुनी व्यवस्था गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने जरुरी रहेको पत्रकार विश्वकर्माको भनाइ छ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका प्रवक्ता गजेन्द्रकुमार ठाकुरले संविधानमा व्यवस्था गरिए पनि बाध्यकारी ऐन/कानुन नभएका कारण पनि मन्त्रालय मातहतको निकायका सञ्चालक समितिमा दलित समुदायको प्रतिनिधित्व हुन नसकेको बताउनुभयो। मन्त्रालय मातहतका कतिपय निकायमा भने महिलाको सहभागिता रहेको उहाँको भनाइ थियो। उहाँले सञ्चारसम्बन्धी निकायमा दलित समुदायको प्रतिनिधित्वका लागि विशेषगरी राज्यले नै गम्भीरताका साथ पहल गर्नुपर्ने बताउनुभयो।

अहिले छलफलमा रहेको मिडिया काउन्सिल विधेयकलगायत अन्य सञ्चारसम्बन्धी विचाराधीन विधेयकमा स्पष्ट रूपमा समानुपातिक समावेशी सिद्धान्तअनुसार सरकारी तथा निजी सञ्चार तथा आमसञ्चार संस्थामा दलित तथा सीमान्तकृत समुदायको अनिवार्य प्रतिनिधित्व हुने बाध्यकारी व्यवस्था किटान गर्न जरुरी छ। आमसञ्चार क्षेत्रका लागि सरकारले नेपाली समाजको विविधता अनुरुप समावेशीकरणको मापदण्ड जारी गरेर लागू गर्नुपर्ने बाध्यकारी व्यवस्था गर्न ढिलो भएको छ।

पत्रकार प्रकाशचन्द्र परियारले दलित समुदायको भौतिक सहभागिता र विषयवस्तु सुनिश्चितका लागि आमसञ्चारका माध्यमहरू नीतिगत रूपमा दलितमैत्री हुनुपर्ने धारणा राख्नुभयो। मधेशी पत्रकार समाजका अध्यक्ष मोहन सिंहले सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले पत्रकारिता तालिम तथा उच्च शिक्षा अध्ययनका लागि दलितलगायत सीमान्तकृत समुदायका लागि छात्रवृत्ति र लेखनवृत्तिको व्यवस्था गर्न माग गर्नुभयो। प्रेस काउन्सिल नेपालका सञ्चालक समिति सदस्य दीपक पाण्डेले दलित समुदायले उठाउँदै आएको मिडियामा समावेशीताको मुद्दा राज्यको मुद्दा बन्नुपर्ने धारणा राख्नुभयो।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय मातहतका निकायमा मात्रै होइन, निजी क्षेत्रका सञ्चारमाध्यमसँग पनि दलित समुदायको भौतिक सहभागिताको निम्ति कुनै नीतिगत व्यवस्था छैन। दलित समुदायको समाचारलाई स्थान दिनका लागि कुनै सम्पादकीय नीति छैन। राष्ट्रिय दलित पत्रकार सङ्घ नेपाल, जागरण मिडिया सेन्टर, आदिवासी जनजाति पत्रकार महासङ्घ, मधेसी पत्रकार समाज र सञ्चारिका समूहलगायत सञ्चार क्षेत्रका विज्ञहरूले आमसञ्चारमाध्यमलाई विषयवस्तु र सहभागिताको हिसाबले पूर्ण रूपमा समावेशी बनाउनुपर्ने माग गर्दै आएका छन्।

मिडियामा सीमान्तकृत समुदायको भौतिक सहभागिता भएको खण्डमा मात्रै स्वाभाविक रूपमा सञ्चारमाध्यममा विषयवस्तुले प्राथमिकता पाउने भन्दै ती सङ्घसंस्था र विज्ञहरूले भौतिक सहभागितालाई नै बढी जोड दिएका छन्। पत्रकार चक्रमान विश्वकर्माले निजी क्षेत्रका सञ्चारमाध्यमले दलित समुदायको भौतिक सहभागितालाई सुनिश्चित नगरे पनि कम्तीमा राज्यद्वारा सञ्चालित सञ्चारमाध्यमले दलित समुदायको सहभागितालाई सुनिश्चित गर्नुपर्ने माग गर्नुभयो। राष्ट्रिय दलित पत्रकार सङ्घ नेपालका अनुसार अहिले देशैभरि करिब दुई हजार दलित समुदायका पत्रकार छन्। तर उनीहरू कोटाको आधारमा भन्दा पनि क्षमताको आधारमा पत्रकारिता गरिरहेको देखिन्छ।

क्रियाशील दलित पत्रकार सङ्घका अध्यक्ष पवित्रा सुनारले राज्यका अन्य निकायहरू समावेशी बन्दै गर्दा आमसञ्चारमाध्यमहरू पनि सहभागिता र विषयवस्तुको हिसाबले पूर्ण रूपमा समावेशी बन्नुपर्ने धारणा राख्नुभयो। दलित समुदायले सञ्चालन गरेका मिडियालाई राज्यले आर्थिक प्रोत्साहन गर्न सक्दछ। नेपाली आमसञ्चारमाध्यमलाई दलितसहितको समावेशी बनाउनका लागि सरकार आफैँले गठन गरेको उच्चस्तरीय आयोगले दिएका सुझावहरूको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेमा जोड दिइएको छ। मिडियामा दलित समुदायको अनिवार्य प्रतिनिधित्वका लागि कानुनी व्यवस्था गरेर त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने देखिन्छ।

# कांग्रेस-एमाले गठबन्धनलाई समर्थन गर्ने लोसपाको निर्णय

काठमाडौँ, २० असार (रासस)।

लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालले नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले)बीच राष्ट्रिय सहमतिको सरकार गठन गर्न भएको सहमतिलाई सकारात्मक भन्दै त्यसको समर्थन गरेको छ।

पार्टी केन्द्रीय कार्यालयमा बुधबार भएको पदाधिकारी बैठकले पछिल्लो राजनीतिक घटनाक्रमको समीक्षा गर्दै नयाँ सहमति गरेका राजनीतिक दलसँग सत्ता सहकार्य गरेर जाने निर्णय पनि गरेको छ।

बैठकले कांग्रेस र एमालेबीच भएको सहमतिअनुरुप गठन हुने सरकारलाई समर्थन गर्ने निर्णय भएको प्रमुख सचेतक रामप्रकाश चौधरीले जानकारी दिनुभयो। उहाँका अनुसार बैठकमा पार्टी अध्यक्ष महन्थ ठाकुरले मङ्गलबार कांग्रेस सभापति शेरबहादुर देउवासँग भएको छलफलबारे जानकारी दिनुभएको थियो।

सचेतक चौधरीले विगतमा पनि कांग्रेससँग सहकार्य गरेकाले सोही दल सम्मिलित नयाँ गठबन्धनमा मिलेर काम गर्न कुनै समस्या नहुने बताउनुभयो।

## पोखरीमा डुबेर ...

जिन्नत खातुनको मृत्यु भएको प्रहरीले जनाएको छ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता डिएसपी रञ्जन आवाले घरमा कसैलाई जानकारी नदिइ तीनै बालिका एकसाथ पोखरीमा नुहाउन गएकी थिइन्। पौडी खेल्न नसक्दा उनीहरु डुबेर बेपत्ता भएको र खोज्दा मृत भेटिएको उनले बताए।

मृतक तीनै बालिकाको शव प्रहरीले कानूनी प्रक्रिया पुरा गरी पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरधाममा राखिएको छ।

# विश्व समाचार

## बेलायतमा आम निर्वाचनका लागि मतदान सुरु

लन्डन, २० असार (रासस/एएनआई)।

संयुक्त अधिराज्य (बेलायत) को ऐतिहासिक आकस्मिक आम निर्वाचनका लागि बिहीबार मतदान सुरु भएको छ। मतदान स्थानीय समय बिहान ७ बजे सुरु भई राति १० बजे बन्द हुनेछ। सबै प्रमुख दलहरूको छ हप्ताको अभियानपछि बिहीबारको मतदान समाप्त भएसँगै देशले अर्को प्रधानमन्त्री प्राप्त गर्नेछ।

इङ्ल्यान्ड, वेल्स, स्कटल्यान्ड र उत्तरी आयरल्यान्डका कूल छ सय ५० निर्वाचन क्षेत्रमा मतदान गरिनेछ। कूल छ सय ५० संसदीय सिटमध्ये ३२६ सिट प्राप्त गर्ने कुनै पनि पार्टीको नेता देशको प्रधानमन्त्री बन्नेछ। बेलायतको सार्वजनिक सेवाको स्थिति, जीवनयापनको लागत, कर, आप्रवासन र अर्थतन्त्र निर्वाचनको प्रमुख विषय रहेको सिएनएनले जनाएको छ।

यो निर्वाचनमा अर्थव्यवस्था, कर र आप्रवासनजस्ता मुद्दाले वर्तमान प्रधानमन्त्री ऋषिसुनकलगायत दावेदारहरूका लागि कसरी लहर बदल्छ भन्ने कुरा हेर्न महत्त्वपूर्ण छ। बेलायतको युरोपेली सङ्घसँगको सम्बन्धका विषय भने निर्वाचनमा धेरै हदसम्म बेवास्ता गरिएको छ। यस वर्षको मे महिनाको अन्त्यमा प्रधानमन्त्री सुनकले आकस्मिक चुनावको आह्वान गर्नुभएको हो। उहाँको पार्टीमा केही नेता समेतले यो निर्णयप्रति आश्चर्य जनाएका थिए।

## अफ्रिकी किशोरीलाई गर्भावस्थापछि शिक्षामा पहुँचका लागि राष्ट्रसंघको आह्वान

नैरोबी (केन्या), २० असार (रासस/सिन्ह्वा)।

संयुक्त राष्ट्रसङ्घका दुई एजेन्सीहरूले बुधबार पूर्वी र दक्षिणी अफ्रिकी देशहरूलाई गर्भवती बालिकाको शिक्षाको अधिकारको रक्षा गर्न कानूनी तथा नीतिगत योजना बनाउन र लागु गर्न आह्वान गरेका छन्। पूर्वी र दक्षिणी अफ्रिकामा युनिसेफका क्षेत्रीय निर्देशक एटलेभा कादिली र पूर्वी अफ्रिकामा युनेस्कोका क्षेत्रीय निर्देशक अलेक्ज्यान्ड्रोस मकारिगाकिसले आधा अफ्रिकी देशले मात्र गर्भवती विशोरीले विद्यालय शिक्षा पूरा गर्न सुनिश्चित गर्न उपायहरू अपनाएको कुरा दुर्भाग्यपूर्ण भएको बताएका छन्।

किशोरी आमालाई उनीहरूको शिक्षा र स्वास्थ्यको अधिकारको रक्षार्थ कानुन कार्यान्वयन गर्ने सहयोगी सरकार चाहिने राष्ट्रसङ्घका अधिकारीले केन्याको राजधानी नैरोबीमा जारी गरिएको संयुक्त विज्ञप्तिमा उल्लेख गरेका छन्।

अधिकारीले यसका लागि शिक्षा सबैभन्दा सुरक्षात्मक र शक्तिशाली उपकरणमध्ये एक भएको उल्लेख गर्दै किशोरीले स्वस्थ र सहज जीवन यापनका लागि प्रयोग गर्न सक्ने जनाएका छन्।

उनीहरूले किशोरीको विद्यालय छोड्ने अवस्थाको श्रेय असुरक्षित विद्यालय वातावरणलाई दिँदै भेदभाव तथा कलङ्कको मानसिकताले उनीहरूलाई आफ्नो गर्भावस्था लुकाउन बाध्य पार्ने जनाएका छन्।

यसबाहेक, राष्ट्रसङ्घीय निकायहरूले गर्भावस्थाका कारण विद्यालय छोड्ने छात्रामध्ये पाँच प्रतिशत भन्दा कम मात्र पुनः विद्यालय फर्किने उल्लेख गर्दै यसको अर्थ प्रारम्भिक गर्भावस्थाले उनीहरूको शिक्षालाई अन्त्य गर्ने जनाएका छन्।

उनीहरूले अनुकूल कानून र नीति, गलत विद्यालय संस्कृति, हानिकारक मान्यता र असमर्थ परिवार वा कम आय र बाल हेरचाहको बोझजस्ता अधिक व्यावहारिक कारणले किशोरी आमालाई प्रायः बच्चा जन्माएपछि विद्यालय छोड्न बाध्य पारिने जनाएका छन्।

उनीहरूले उपसहारा अफ्रिकामा ६० लाखभन्दा बढी गर्भवती र आमा बनिसकेका किशोरीहरू विद्यालयको पहुँचबाहिर रहेको उल्लेख गरेका छन्।

यद्यपि राष्ट्रसङ्घीय निकायले यस्तो अवस्था दुर्भाग्यपूर्ण भएको जनाउँदै विद्यालय छोड्ने केटीहरूले जोखिमपूर्ण यौन व्यवहारमा संलग्न हुने, एचआईभीलगायतका यौन जन्य सङ्क्रमणबाट ग्रसित हुने तथा चाडै फेरि गर्भवती हुने सम्भावना बढाउँने बताएका छन्।

माध्यमिक शिक्षा पूरा गर्ने शिक्षित किशोरीहरूमा तुलनात्मक रूपमा बढी स्वस्थ हुने, बढी कमाउने, ढिलो विवाह गर्ने, कम सन्तान जन्माउने र अर्को पुस्ताका लागि राम्रो स्वास्थ्य सेवा र शिक्षा प्रदान गर्ने प्रवृत्ति रहेको उनीहरूले खुलासा गरे।

## गाजाको ९० प्रतिशत जनसङ्ख्या विस्थापित : राष्ट्रसंघीय अधिकारी

न्यूयोर्क २० असार (रासस/क्युएनए)।

संयुक्त राष्ट्रसङ्घका अधिकारीले नौ महिनादेखि जारी इजरायली आक्रमण सुरु भएदेखि गाजा पट्टीको ९० जनसङ्ख्या कम्तिमा विस्थापित भएको पुष्टि गरेका छन्। अधिकृत प्यालेस्टिनी इलाकामा मानवीय मामिला समन्वयका लागि संयुक्त राष्ट्रसङ्घीय कार्यालय (ओसिएचए) का प्रमुख एन्ड्रिया डे डोमेनिकोले पत्रकार सम्मेलनमा गाजाको मानवीय समुदायको जनसङ्ख्या २१ लाख अनुमान गरेको बताउनुभयो।

यस समयमा, गाजा पट्टीमा प्रत्येक दसमध्ये नौ जना कम्तिमा एक पटक आन्तरिक रूपमा विस्थापित भएको उहाँले बताउनुभएको छ। अक्टोबर सन् २०२३ देखि एक लाख दश हजारभन्दा बढी मानिसहरूले ज्यान गुमाएको र उत्तरी गाजामा अझै पनि तीन लाखदेखि तीन लाख ५० हजार मानिसहरू दक्षिणमा सर्न नसक्ने अवस्थामा रहेको उहाँले बताउनुभएको छ।

राष्ट्रसङ्घका अधिकारीले गाजा पट्टीको दक्षिणमा रहेको खान युनुस खाली गर्ने इजरायली कब्जाको आदेशपछि विगत दुई दिनमा विस्थापित भएका व्यक्तिहरूलाई विस्थापितको सङ्ख्यामा जोडिनु आवश्यक नभएको बताएका छन्। उनीहरूमध्ये प्रायः सबै विस्थापितको गणनामा परिसकेका छन्। मध्यपूर्वका लागि प्यालेस्टिनी शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय राहत र कार्य निकाय (युएनआरडब्लुए) ले करिब दुई लाख ५० हजार प्यालेस्टिनी खान युनुसबाट भाग्न बाध्य हुने अनुमान गरेको छ।

# तीस दिनभित्र दोहोरो पद छोडिसक्न सहकारी संस्थाका सञ्चालकलाई निर्देशन

काठमाडौं, २० असार (रासस)। सहकारी विभागले एउटै व्यक्ति दुई वा त्यसभन्दा बढी सहकारी संस्थाको सञ्चालक हुन नपाउने व्यवस्था गरेको छ।

विभागले कोही दोहोरो पदमा रहेको भए त्यसलाई त्यागेर एकल पद कायम गर्न सबै सहकारी संस्थालाई बुधबार निर्देशन दिएको हो।

सहकारी ऐन २०७४ को दफा ४१ (५) मा कुनै व्यक्ति एकै समयमा एकमात्र सहकारी संस्थाको सञ्चालक हुन सक्ने व्यवस्था रहेकोले ऐनको उक्त प्रावधान कार्यान्वयन गर्न निर्देशन जारी गरिएको सहकारी विभागका रजिष्ट्रार पीताम्बर घिमिरेले जानकारी दिनुभयो। सहकारी बैंकको हकमा पनि पनि यस्तै निर्देशन दिइएको छ।

यो निर्देशन कार्यान्वयन भए-नभएको अनुगमन गरिने र यदि कार्यान्वयन नभएको पाइएमा कानुनबमोजिम कारबाही गरिने पनि विभागले जनाएको छ। विभागले बुधबारै सहकारी संस्थाका ऋणीहरुको कर्जा तीन महिनाका लागि पुनर्तालिकीकरण गर्न परिपत्र पनि गरेको छ।

"परिस्थितिजन्य कारणले समस्यामा परी कर्जालाई नियमित गर्न नसकेका ऋणीलाई कर्जा चुक्ता गर्न परेको कठिनाईलाई दृष्टिगत गरी ऋणी सदस्यलाई परेको प्रभाव मूल्याङ्कन गरी सदस्यको माग, आवश्यकता र औचित्यका आधारमा गत वर्ष खराब ऋणीको सूचीमा नपरेका र यसअघि यस्तो सुविधा नलिएका ऋणीहरुको हकमा मात्र कर्जा पाकेको ५० प्रतिशत ब्याज भुक्तानी गरेमा बाँकी साँवालाई तीन महिनाको अवधिका लागि पुनर्तालिकीकरण गर्न सकिनेछ", विभागको परिपत्रमा भनिएको छ।

# नेकपा एसको अध्यक्ष सर्वसम्मत माधव नेपाल चयन



**दैनिक समाचारदाता**
**काठमाडौं, २० असार।**

नेकपा (एकीकृत समाजवादी)को अध्यक्षमा माधवकुमार नेपाल सर्वसम्मत निर्वाचित भएका छन्।

बिहीबार सम्पन्न एकीकृत समाजवादीको दसौं राष्ट्रिय महाधिवेशनले नेपाललाई सर्वसम्मत अध्यक्ष चयन गरेको हो। २०७८ साल भदौ २ गते नेकपा एमालेबाट विद्रोह गरी उनकै नेतृत्वमा पार्टी स्थापना गरेका थिए।

बुधबार बन्दसत्रमा पेस भएको चारवटै दस्तावेज अनुमोदन भएको थियो। सोही दिन बेलुका अध्यक्षलगायत अन्य पदाधिकारीमा सर्वसम्मत चयन गर्ने प्रयास गरेका थिए।

नेतृत्व छनोटका लागि बिहानैदेखि निर्वाचन प्रक्रिया अगाडि बढाइएको थियो। तर अध्यक्षमा धनश्याम भुसालले दाबी नछोडेपछि निर्वाचनका सबै प्रक्रिया रोकेर शीर्ष नेताहरू छलफलमा जुटेका थिए। अन्ततः भुसालले महासचिवमा चित्त बुझाएपछि अध्यक्षमा नेपाल सर्वसम्म चयन भएका हुन्।

## *ब्रहमाकुमारी ...*

प्रभारी एवं संचालिका भगवती दिदीले संयुक्तरुपमा ऊँ शान्ति मिडियाकक्ष उदघाटन गरेका हुन्।

सो अवसरमा मूख्य प्रभारी एवं संचालिका भगवती दिदीले केन्द्रको गतिबिधीबारे आम सर्वसाधारणमा सूचना प्रवाह एवं सहजताका लागी मिडिया कक्षको स्थापना गरिएको बताईन।

केन्द्रले आफना गतिबिधी विस्तार गर्ने क्रममा स्थापना गरेको यो २० औं प्रभाग (कक्ष) हो। यस अघि शिक्षा, खेलकुद, स्वास्थ्य, धर्म, संस्कृती, कृषि, व्यवसाय, प्राविधिक, महिला, न्यायिक लगायत १९ वटा प्रभाग केन्द्रले संचालनमा ल्याई सकेको छ।

नयाँ थपिएको मिडीया कक्ष कार्यालयमा दिनानाथ यादव संयोजक तथा फूलचन्द्र यादव र मोहित यादव सदस्य रहेका छन। उनीहरुलाई केन्द्रको गतिबिधी संकलन तथा सूचना प्रवाहको जिम्मेवारी दिइएको केन्द्रले जनाएको छ।

उदघाटनका अवसरमा पत्रकार महासंघ सप्तरीका सभापती देवका साथै नेपाल पत्रकार महासंघका केन्द्रिय परिषद सदस्य मनोज कुमार माझी, शाखाको पूर्व सभापती मुरली प्रसाद यादव, पत्रकार सुधा देव, बुजमान तामाङ्ग, ध्रुव मण्डल, राजविराज नगरपालिकाका पूर्व मेयर शैलेश चौधरी लगायतलाई सम्मान गरिएको छ। केन्द्रकी मुख्य संचालिका भगवती दिदीले उनीहरुलाई दोसल्ला तथा पुष्पगुच्छा प्रदान गरेर सम्मान गरे।

सो अवसरमा पत्रकार महासंघ सप्तरीका सभापती श्रवण देवले केन्द्रले स्थापना गरेको ऊँ शान्ति मिडीया कार्यालयबाट सर्वसाधारणले समय मै केन्द्रको सम्पुर्ण गतिबिधीबारे सूचना प्राप्त गर्ने र यसबाट कर्मयोग, ज्ञानयोग र भक्तीयोग श्रीबृद्धिमा मदत पुऱ्याउने विश्वास ब्यक्त गरे।

मिडिया कार्यालय स्थपानाले आम सर्वसाधारणमा सकारात्मक सोच र धर्म प्रतिको आस्थामा विकास हुने समेत विश्वास गरिएको केन्द्रले जनाएको छ।

# दीर्घकालीन असर पर्ने कुनै काम नगर्न प्रधानमन्त्रीलाई एमालेको आग्रह

काठमाडौं, २० असार (रासस)। नेपाल कम्युनिष्ट पार्टी (एमाले)ले वर्तमान सरकारलाई दीर्घकालीन असर पर्ने कुनै पनि काम नगर्न/नगराउन ध्यानाकर्षण गरेको छ।

एमाले महासचिव शङ्कर पोखरेलद्वारा बिहीबार जारी प्रेस विज्ञप्तिमा एमालेले विश्वासको मत फिर्ता लिएपछि सरकार अल्पमतमा परेको हुँदा दीर्घकालीन असर पर्ने कुनै पनि काम नगर्न प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को ध्यानाकर्षण गरिएको जनाएको हो।

संसद्का दुई ठूला दल एमाले र नेपाली कांग्रेसबीच एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा राष्ट्रिय सहमतिको सरकार गठन गर्न यही असार १७ गते समझदारी भई असार १९ गते एमालेले वर्तमान सरकारको समर्थन फिर्ता लिएको थियो।

अहिलेको परिस्थितिमा वर्तमान सरकारले विश्वासको मत पाउने अवस्था नरहेको हुँदा राष्ट्रिय सहमतिको सरकार गठन प्रक्रियामा सहभागी हुन र सहयोग गर्न प्रधानमन्त्री दाहाललाई एमालेले पुनः अनुरोध गरेको छ।

# अशोक राई नेतृत्वको जसपाले नयाँ गठबन्धनलाई समर्थन गर्ने

काठमाडौं, २० असार (रासस)। नयाँ सत्ता समीकरणका लागि नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीबीच भएको सहमतिलाई अशोक राई नेतृत्वको जनता समाजवादी पार्टी (जसपा)ले समर्थन गर्ने भएको छ।

वर्तमान सरकारमा पार्टीका तर्फबाट सहभागी मन्त्रीहरुलाई बिहीबारै राजीनामा दिन निर्देशन दिइने पार्टीका महासचिव मोहम्मद इस्तियाक राईले राससलाई जानकारी दिनुभयो। प्रतिनिधिसभाका ठूला दुई दलबीच भएको सहमतिलाई जसपाले समर्थन गर्ने उहाँले बताउनुभयो।

महासचिव राईले भन्नुभयो, "परिवर्तित राजनीतिक घटनाक्रमअनुसार वर्तमान सरकार अल्पमतमा परिसकेकाले आफ्नो पार्टीको तर्फबाट सरकारमा सहभागी मन्त्रीलाई राजीनामा गर्न लगाएर नयाँ परिस्थितिअनुरुप पार्टी अगाडि बढ्ने छ। जसपाबाट वर्तमान सरकारमा दुई मन्त्री र एक राज्यमन्त्री सहभागी हुनुहुन्छ।


## विभिन्न विपद्को समयमा सतर्क रहौं

**चट्याङको समयमा**

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

**भुकम्पको समयमा**

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको ब्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खबर गर्ने।

**आगलागिको समयमा**

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : डाक्नेश्वरी नगरपालिका, सप्तरी**

## डेंगीबाट कसरी बच्ने ?

बिहान, दिउँसो तथा साँझको समयमा लामखुट्टेको टोकाईबाट डेंगी लाग्न सक्दछ।

- लामखुट्टेबाट बच्न पूरै शरिर ढाक्ने लुगा लगाऔं।
- घर, कार्यस्थल र सार्वजनिक स्थानमा पानी जम्न नदिऔं।
- पानी राखेको भाँडालाई छोपेर राखौं।
- लामखुट्टे भगाउने उपाय अबलम्बन गरौं
- लामखुट्टेको टोकाईबाट बच्ने मलम लगाऔं।
- घरभित्र लामखुट्टे छिर्न नसक्ने गरी झ्याल-ढोकामा जाली लगाऔं।
- सुत्ने बेलामा झुल लगाएर सुतौं।
- कुना-काप्चामा किटनाशक औषधि छर्कने गरौं।
- कम्तीमा हप्ताको एक पटक एयर कुलर, पानी टयांकी, फूलदानी, गमलामा राखिएका प्लेटहरु राम्ररी सफा गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*